# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं असार २० गते २०३४ साल


श्री ५ को सरकार

**पर्यटन मन्त्रालयको**

**सूचना**

पर्यटन उद्योग (छैठौं संशोधन) नियमावली, २०३४

पर्यटन उद्योग नियमावली, २०२२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, पर्यटन उद्योग ऐन, २०२१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "पर्यटन उद्योग (छैठौं संशोधन) नियमावली, २०३४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. पर्यटन उद्योग नियमावली, २०२२ को नियम ३ मा संशोधनः पर्यटन उद्योग नियमावली, २०२२ को नियम ३ को उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छः–

"(२) ट्राभेल एजेन्सीको लाइसेन्स् पाउने व्यक्तिले पचास हजार रूपैयाँ विभागको खातामा धरौटी राख्न वा ट्राभेल एजेन्सीको काम गरुन्जेलसम्म कायम रहने गरी सो रकमको बैंक ग्यारेन्टी विभागलाई दिनु पर्नेछ।"

आज्ञाले–
गोरक्षबहादुर न्हुछे प्रधान
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।